# गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

**गण्डकी गाउँपालिकाको कोभिड-१९ (कोरोना भाईरस) रोकथाम तथा नियन्त्रण रणनीति २०७७**

खण्ड : ४ संख्या : १ मिति : २०७७/०३/१०

**भाग : २**

**गण्डकी गाउँपालिका**

# गण्डकी गाउँपालिकाको कोभिड-१९ (कोरोना भाईरस) रोकथाम तथा नियन्त्रण रणनीति २०७७

**प्रस्तावनाः**

नेपालमा कोभिड-१९ (कोरोना भाईरस) को वियोगान्तक महामारी फैलिएको अवस्था (हालमा शुरुवाती अवस्था) मा नजिकबाट अवलोकन गर्न, सुचना आदान प्रदान गर्न, शंकास्पद र संक्रमित व्यक्तिहरुलाई समयमै पहिचान गर्न र उनीहरुलाई पछ्याउनको लाीग घनिभुत (सघन) रुपमा तयारी जरुरी पर्दछ । संघ, प्रदेश र स्थानीयतहमा कोरोना विरुद्ध अभियानको इकाईहरु निर्माण गरी हस्तक्षेप नगर्ने हो भने माहामारीको व्यवस्थापन गर्न कठिन हुन्छ । संसारभर फैलिएको सन्त्रासपुर्ण संक्रमणको महामारीले नेपालमा पनि बेचैनी शुरु भएको छ । जसले गर्दा नेपाल सरकार, प्रदेश सरकारले महामारीलाई रोकथाम तथा नियन्त्रण गर्नको लागि परिपत्र तथ निर्देशन दिएको छ र यसै आधारमा सवै स्थानीय तहले पनि महामारी रोगलाई फैलन नदिनको लागि तत्कालीन रुपमा आवश्यक कार्य गर्नु परेको हुनाले समाजमा रहेका आर्थिक, समाजिक र भौतिक पुँजीको परिचालन गर्न आकस्मिक रुपमा यस गण्डकी गाउँ कार्यपालिकाले कोभिड-१९ (कोरोना भाईरस) रोकथाम तथा नियन्त्रण रणनीति २०७७ लागु गरेको छ ।

## परिच्छेद १

## १. उदेश्यहरु :

छिमेकी राष्ट्रहरुमा बढिरहेको संक्रमीतहरुको संख्या, संक्रमण फैलिएको मुलुकबाट मानिसहरु हालसालै नेपाल प्रवेश गरेको अवस्थामा नेपाली समाज भित्र भित्रै संक्रमण फैलिएर भयावह अवस्था हुन सक्ने भएकोले समयमै शंकास्पद संक्रमित र रोगीहरु समयमै पत्ता लगाई कोरोना भाइरस संक्रमणको कडीलाई टुटाउन को लाीग समयमै अभिलेख राख्ने, पहिचान गर्ने, नियमन गर्ने र रिपोर्टीङ गर्नुका साथै कोभिड-१९ (कोरोना भाईरस) रोकथाम तथा नियन्त्रण रणनीति २०७७ का निम्न उदेश्यहरु रहेका छन ।

- परिवारका सदस्य नेपाल भन्दा बाहिरबाट आएर सँगै रहेका घरपरिवारको लागि अतिरिक्त सहयोग गर्नु ।
- शङ्कास्पद कोरोना रोगीको पहिचान गरी अलग्गै राख्ने र परिक्षणको आधारमा पृथकीकरण गरी उचित उपचारको लागि रोगको निदान तथा निश्चितताको लागि प्रयोगशालामा परिक्षणको लागि पठाउनु ।
- सामाजिक दुरी कायम गरेको वा नगरेको निश्चित गर्नु ।
- दैनिक ज्यालादारी श्रमजीवि परिवार र गरिब परिवारको लागि खानपान र चिकित्सा सेवाको उपलब्धता बारे सुनिश्चितता गर्नु ।

## परिच्छेद २

## २. रणनीतिहरु :

कोरोना (कोभिड-१९) को उत्पत्तिकेन्द्र चीनको वुहान शहरमा रोगको संक्रमण र रोगको माहामारी नियन्त्रण गर्नको लागि १८०० वटा समुदायमा आधारीत समुहहरु शंकास्पद संक्रमित र रोगीहरुलाई पछ्याउन परिचालन गरिएको थियो जुन मुख्य सफलताको साँचो थियो । नेपालमा पनि नेपाल सरकारले जारी गरेका निर्देशन तथा विश्व स्वास्थ्य संगठनको निर्देशनहरुलाई सहि तरीकाले नियमन गरि कोभिड-१९ (कोरोना भाईरस) को संक्रमण फैलिएर भयावह अवस्था हुन नदिन गण्डकी गाउँपालिकाले आकस्मिक रुपका लागि निम्न रणनीतिहरु अवलम्वन गर्नेछ ।

### २. १. पूर्वतयारीका लागि अवलम्वन गरिने रणनीतिहरुः

- गाऊँपालिका स्तरको आकस्मिक योजना तयार गरी कार्यान्वयनका लागि तयारी अवस्थामा रहने ।
- मातहतका संयन्त्रहरुको बैठक राखी आवश्यक पूर्वतयारी तथा सचेतनामुलक कामहरु गर्ने ।
- जनप्रतिनिधि, कर्मचारी तथा समुदायमा यसको रोकथामका लागि अपनाउनु पर्ने उपायहरु सहित उच्च सतर्कता अपनाउन सूचना जारी गर्ने ।
- जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्य कर्मीहरुका लागि सुरक्षात्मक सामग्रीहरु खरिद गरी वितरण गर्ने ।
- सरोकारवालाहरुसँगको बैठक आयोजना गर्ने तथा आयोजित बैठकहरुमा सहभागी हुने ।
- स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाउने ।
- स्वास्थ्य कर्मीहरुलाई सुरक्षा सामग्री तथा ज्ञान सीप प्रदान गरी कोभिड-१९ विरुद्ध सशक्त बनाउने ।
- स्थानीय समुदायमा कोभिड-१९ (कोरोना भाईरस) रोकथामका लागि अपनाउनु पर्ने तरीकाहरुका बारेमा विभिन्न माध्यमहरु परिचालन गरी सुसुचित गर्ने कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- वडा समिति, स्थानीय तथा वडा विपद व्यवस्थापन समिति, स्वास्थ्य संस्थाको सक्रियतामा समुदायमा आवत जावत गर्ने व्यक्तिहरुको लेखाजोखा राख्ने र गतिविधिहरुको आँकलन गर्ने ।

### २. २. मध्यम संक्रमणको अवस्थामा अवलम्वन गरिने रणनीतिहरुः

- समुदायमा संक्रमणको शंका लागेमा वा देश विदेश बाट आउने व्यक्तिहरुलाई २१ दिन स्वयं क्वारेन्टाईनमा बस्नको लागि प्रोत्साहित गर्ने ।

- विदेशबाट नेपालभित्र प्रवेश गरेका गण्डकी गाउँपालिका स्थायी ठेगाना भएका व्यक्तिहरुलाई उद्धार गरी स्थायी बसोबास नजिक रहेको क्वारेन्टाइनमा ल्याउन आवश्यक व्यवस्था गर्ने ।
- क्वारेन्टाईनमा वसेकाहरुको नियमित रुपमा स्वास्थ्य परिक्षण तथा हेरचाह गर्ने ।
- क्वारेन्टाईनमा वसेका व्यक्तिहरुको लागि सुरक्षित बासस्थान र खानाको व्यवस्था मिलाउने ।
- क्वारेन्टाईनमा राख्न तथा विरामीहरुलाई उपचारको लागि पठाउनको लागि एम्वुलेन्स/गाडीको सेवा उपलब्ध गराउने ।
- समुदायमा कुराकानी गर्नु पर्दा कम्तीमा एक मिटरको दूरी कायम गरी बस्न पहल गर्ने ।
- गाऊँपालिका क्षेत्र भित्र धेरै मानिसहरुको सहभागितामा हुने भेला, बैठक, तालिम, गोष्ठी, सभा, सम्मेलन, भोज भतेर, मेला पर्व आदि रोक्न पालिकाबाट प्रतिवन्ध लगाउने ।
- स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको लागि कार्य गर्नको लागि प्रोत्साहन गर्ने ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई घरबाट नै कार्यालयको काम गर्ने व्यवस्था गर्ने ।
- लाभग्राहीहरु पालिकामा नै आउने भन्दा पनि फोन तथा अन्य माध्यमबाट सूचना तथा जानकारी लिने र अत्यावश्यक अवस्था बाहेक पालिकामा नआउने कुरा जानकारी गराउने गरी विभिन्न शाखाले आकस्मिक योजना अनुसार काम गर्ने ।
- वालवालिकाहरु औपचारिक शिक्षाबाट बञ्चित हुनुपरेकोपरिस्थितिमा घरमा नै स्व-अध्ययनको लागि वातावरण सिर्जना गर्ने ।
- विदेशबाट स्वदेशमा आउन चाहने यस गाउँपालिका भित्रका नागरिकहरुको लगत अध्यावधिक गर्ने ।

## २. ३. उच्च संक्रमणको अवस्थामा अवलम्वन गरिने रणनीतिहरुः

- गाउँपालिका र पालिका अर्न्तगतका अत्यावश्यक बाहेकका सम्पूर्ण सेवाहरु बन्द गर्ने र अत्यावश्यक सेवा प्रदान गर्ने कर्मचारी बाहेक अन्य कर्मचारीलाई घरबाट काम गर्ने प्रवन्ध गर्ने । साथै यस रोगको गम्भिरतालाई ख्याल गरी नेपाल सरकारले जारी गरेको निर्देशन तथा सूचनाहरुको कार्यान्वयन गर्ने ।
- सभा, सम्मेलन, बैठक, भेला, मेला, पर्व आदि बन्द गर्ने र समुदायमा कम्तीमा १.५ देखि २ मिटरको दूरी राखेर बस्न निर्देशन गर्ने ।
- समुदायका व्यक्तिहरु, कार्यालयका कर्मचारीहरु तथा जनप्रतिनिधिहरु र उनीहरुका परिवारका सदस्यहरु संक्रमित भएमा उपचारमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।
- सबै वडा प्रमुखहरुलाई आफ्नो वडाको सामाजिक तहगत संरचनाको नक्शाँकन गर्न, प्रत्येक २० देखि ३० घरपरिवार रहेको कार्यगत एकाईहरुको गठन गर्नका लागि सुचना जारी गर्ने ।

- वडा अध्यक्षको समुहले कोभिड-१९को बिरुद्ध निश्चित घरपरिवारको समुदायमा कार्य गर्ने एकाई कार्यगत समुह **(Unit Action Team)** को लागि एकाई टोलीनेता छान्ने छ । उनीहरुलाई दुरशिक्षा माध्यमबाट अभुमुखीकरण गरी वा आधिकारीक मानक कार्यसञ्चालन कार्यविधी **(standard operating procedure, SOP)** को बिद्युतिय कपी र तथ्याँक संकलन सामाग्री गाउँपालिकामा पठाउने ।
- अति जोखिममा रहेका समुदायका सदस्यहरु जस्तैः बृद्धबृद्धा, अपांगता भएका, गर्भवती तथा सुत्केरी महिला, आदिलाई आवश्यक संरक्षणको व्यवस्था मिलाउने ।
- सबै वडामा यसको संक्रमण फैलिन सक्ने अवस्था आँकलन गर्ने र अति जोखिममा रहेका व्यक्ति र घरपरिवारलाई आवश्यक सहयोगको प्रवन्ध मिलाउने ।
- सबै वडामा निश्चित अवधिको लागि बन्दाबन्दी (लकडाउन) गर्ने ।
- संक्रमणको शंका लागेका विरामीहरुको स्वाव परीक्षणको लागि समन्वय गर्ने ।
- संक्रमित विरामीहरु भए उपचारको लागि पठाउनको लागि सहयोग तथा समन्वय गर्ने ।
- विरामीहरुको उपचार तथा राहत व्यवस्थापनको लागि कोष स्थापना गर्ने ।
- प्रत्येक वडामा सम्पर्क व्यक्ति (Focal Person) पहिचान गर्ने र निश्चत सङ्ख्याका घरपरिवार (त्यस क्षेत्रको जनसंख्या र भौगोलिक अवस्थाको आधारमा) जिम्मेवारी दिने । त्यस्ता सम्पर्क व्यक्तिहरु महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक वा अन्य समाजका सक्रिय सदस्यहरु जो पनि हुन सक्दछन् । सम्पर्क व्यक्तिको जिम्मेवारी देहाय वमोजिम हुनेछ ।
    - ➢ सम्बन्धित वडा वा क्षेत्रमा रहेका परिवार सदस्यहरु (परिवारको पहिलाको संरचना) को सुची तयार पार्ने ।
    - ➢ सम्बन्धित वडा वा क्षेत्रमा नेपाल बाहिरबाट आएका घरपरिवारका सदस्यहरुको सुची तयार पार्ने, उनीहरुलाई सम्मानजनक व्यवहार गरी, त्यस्ता व्यक्तिहरु कोरोना रोगको लक्षण तथा चिन्हरु (ज्वरो, सुख्खा खोकी आदि) नियाल्ने । नेपाल बाहिरबाट आएका व्यक्तिहरुलाई एक्काइस दिनको लागि अलग्गै बस्ने व्यवस्था र समाजीक दुरी कायम गर्ने कुराको सुनिश्चिता गर्ने । यदि त्यस्ता व्यक्तिहरुमा ज्वरो तथा खोकीको लक्षहरुहरु देखिमा रोग पहिचान र उपचारको लागि वडा अध्यक्षलाई खबर गर्ने ।
    - ➢ बिरामी व्यक्तिलाई कहाँ र कसरी रिफर गर्ने योजना तर्जुमा गर्ने ।
    - ➢ वडा अध्यक्ष वा प्रमुखलाई सामाजिक सहयोग (खानपिन र अन्य) आवस्यक घरपरिवारको सुची तयार पारी दिने र त्यस्ता घरपरिवारलाई खानपानको लागि वडा अध्यक्ष/प्रमुखसँग समन्वयन गर्ने ।
    - ➢ प्रत्येकले सामाजिक दुरी कायम गरेको सुनिश्चितता गर्ने ।
    - ➢ कोरोना रोग बाहेक अरु रोगहरुको लागि चिकित्सा सहायता आवस्यक घरपरिवार पत्ता लगाउने र तद्अनुसार व्यवस्था मिलाउने ।

- कोरोनाका शंकास्पद बिरामी भएका घरपरिवार वा विदेश (नेपाल भन्दा बाहिर) बाट आएका सदस्यहरु भएको घरपरिवारको जि.आई.एस. विधीबाट नक्साङ्कन गर्ने
- अभिलेखन र सूचना बाँड्नको लागि एक सरल नमुना फर्म्याटको विकास गर्ने ।
- प्रत्येक दिन पुनरावलोकनको व्यवस्थापन मिलाउने ।

- महामारीले मानविय क्षतिको शुरुवात भएमा तत्काल निर्णय गरी शव व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**विदेशबाट स्वदेश फर्कन चाहने गण्डकी गाउँपालिका स्थायी बसोबास भएका नागरिकहरुको विवरण**

| क.सं | नामथर | लिङ्ग | उमेर | वडा नं | गाउ/टोल | रहेको देश | सम्पर्क नं | इमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

## तथ्याङ्क सङ्कलन औजार/सामाग्री : (नमुना)

मिति

पालिका: वार्ड नं. : इकाईको नाम :

जम्मा घरपरिवार संख्या :

| घर नम्बर | नम | उमेर/ लिङ्ग | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सारसंक्षेप/साराँश:

जम्मा जनसंख्या :................ यात्रा गरेको भएमा सदस्यहरुको संख्या ..........

आज्ञाले,

पुरण गुरुङ

प्रमुख प्रशासकीय अधिकृत